# ईन्जील
# र
# कुरआनमा सलीब

लेखक
**सिकन्दर जजिद**

अनुवाद
**युसुफ यूहन्ना**

सम्पादन
**साबिर साफी**

प्रकाशक
**शुकुनको पैगाम**
पो.ब.नं. १६१५, काठमाडौं, नेपाल
इमेल : sukunkopaigam@yahoo.com
मो.नं. ९८०८०८३५२०
Mobile No. : 9808083520
© सर्वाधिकार प्रकाशकमा सुरक्षित

# विषय सूचीः

परिचयः ईसा मसीहको सलीबमा भएको मृत्यु र इस्लाममा यसको प्रभाव ३

इन्जील र कुरआनमा सलीब ५

ईसा मसीहको सलीबमा भएको मृत्यु सम्बन्धी हाम्रा प्रमाणहरू १४

ईसा मसीह सलीबमा टाँगिनुको कारणहरू २५

सवालहरू ३०

## परिचयः ईसा मसीहको सलीबमा भएको मृत्यु र इस्लाममा यसको प्रभाव

अरू कुनै पनि विषयले भन्दा सलीबमा भएको ईसा मसीहको मृत्युको विषयले नै मुस्लिमहरूमाझ विवाद उत्पन्न गराउँदछ। कुरआनले ईसा मसीह जन्नत जानुभन्दा अघि उहाँको मृत्यु भएको कुरा उल्लेख गरे तापनि इस्लामिक विद्वान्हरू सूरह आले इमरान् ३:५५ मा रहेको **'इन्नी मु-तवफ़्फ़ी-क'** (अर्थ, तिमीलाई उठाएर) शब्दको उल्थाबारे असहमत हुन्छन् । उक्त शब्दले मृत्युलाई जनाउँदैन भनी कतिपय मुस्लिम विद्वान्हरूले भन्दछन्, जबकि ईसा मसीह वास्तवमै मर्नुभयो भनी अरू मुस्लिम विद्वान्हरूले जोर दिन्छन् । यसका धेरै संस्करणहरू छन् जुन प्रख्यात मुस्लिम विद्यालयहरूबाट आएका हुन् । अल-ताबारी, अल-जमाख्शारी र अन्य मुस्लिम विद्वान्हरूका उल्थाहरू तिनमा छन् ।

कतिपयले उक्त शब्दको अर्थ यस्तो हो भनी भन्दछन्:

१. निदाउनु....अल-मुथन्नाका अनुसार इशाकले मलाई यसो भने (अब्द अल्लाह इब्न जाफर र अल-रबियाले तिनलाई भनेअनुसार): **'इन्नी मु-तवफ़्फ़ी-क'** को अर्थ निद्राको मृत्यु हो र खुदाले ईसा मसीहलाई मृत्युबाट जीवित पार्नुभयो ।

२. पूर्णता -- अली इब्न शुहैल र डोम्रा इब्न रबिया र इब्न शुथाब, र मतर अल-वाराकद्वारा, जसका अनुसार यसको अर्थ हुन्छः म खुदाले तिमीलाई संसारबाट उठाएको छु, तर मृत्युद्वारा त होइन ।

३. गाँज्नु वा अधीनमा लिनु -- युनुसद्वारा जसका अनुसार इब्न वहाब र इब्न जैदले हामीलाई यसो भनेका छन्: **'इन्नी मु-तवफ़्फ़ी-क'** को अर्थ हो, 'म तिमीलाई अधीनमा लिन्छु....' ईसा मसीह मर्नुभएको छैन र उहाँले दज्जाललाई नमारेसम्म मर्नुहुनेछैन । त्यसपछि उहाँ मर्नुहुनेछ ।

४. मुहम्मदको भनाईलाई उल्लेख गर्दै अबु जाफर अल-ताबारी भन्दछन्: मर्यम पुत्र ईसा मसीह ओर्लिनुहुनेछ र ईसा मसीह विरोधी दज्जाललाई मार्नुहुनेछ, तब केही समय पृथ्वीमा रहनुहुनेछ (समय उल्लेख गरिएको

छैन), अनि त्यसपछि उहाँ मर्नुहुनेछ र मुस्लिमहरूले उहाँलाई (मुबारक) धन्यको भन्नेछन् ।

उक्त शब्दको अर्थ वास्तविक मृत्यु हो भन्ने समूहले पनि उक्त कथाका धेरैवटा उल्थाहरू प्रस्तुत गर्दछ ।

१. अब्द अल्लाह इब्न सलीह र मौविह र अली इब्न अब्बासलाई उद्धृत गर्दै अल-मुथन्ना भन्दछन् कि **'इन्नी मु-तवफ़्फ़ी-क'** को अर्थ 'मैले तिमीलाई मर्न लगाएँ ।'

२. साल्मा र इब्न इशाक र वहाब इब्न मुनाब्बिहले बताएअनुसार इब्न हमिद भन्दछन् कि खुदाले मर्यम पुत्र ईसा मसीहलाई तीन घण्टा मर्न लगाउनुभयो र त्यसपछि उहाँलाई पुनर्जीवित पार्नुभयो । (जामिया अल-बयान ३:२८९-२९२)

अल-इमाम अल-राजीको उल्थाबाट हामीले निम्नलिखित (आयत) पदहरू उद्द्दरण गरेका छौं। तिनका अनुसार खुदाले 'हे ईसा ! अब म तिमीलाई नियन्त्रणमा लिनेवाला छु। र तिमीलाई उठाउनेवाला छु' भन्नुहुँदा खुदाले ईसा मसीहलाई जन्नतमा लान उठाईहनुभएको थियो। सर्वप्रथम, **'इन्नी मु-तवफ़्फ़ी-क'** -- उहाँलाई मृत्युबाट पुनर्जीवित पारेर उठाउनुभयो । ईसा मसीहसम्बन्धी अर्को (आयत) पदले भन्दछ, *"तपाईंले मलाई लिनुहुँदा तपाईंले तिनीहरूमाथि निगरानी गर्नुभएको थियो जसले उहाँलाई पहरा दिइरहेका थिए ।"*

यी दुईवटा (पद) आयतहरूको बारेमा टिप्पणीकारहरू दुई तरिकाले मतभिन्नता जाहेर गर्दछन् । कतिपयले ती (आयत) पदहरूलाई वास्तविक रूपमा लिन्छन् र अरूले तिनमा गुप्त रहेका अर्थहरू देख्दछन् ।

पहिलोका अनुसार **'मु-तवफ़्फ़ी-क'** को अर्थ होः तिम्रो जीवन पूरा भएको छ, त्यसैले म (खुदाले) तिमीलाई नियन्त्रणमा लिनेछु र तिमीलाई मार्ने अनुमति यहूदीहरूलाई दिनेछैनँ, तर म तिमीलाई मृत्युबाट पुनर्जीवित पारेर जन्नतमा उचाल्नेछु र तिमीलाई मेरा फरिश्ताहरूको साथमा नियुक्त गर्नेछु, अनि म तिम्रो रक्षा गर्नेछु ताकि तिनीहरूले तिमीलाई मार्न नसकून् ।

दोस्रोका अनुसार, **'मु-तवफ़्फ़ी-क'** को अर्थ हो : म तिमीलाई मर्न लगाउँछु । इब्न अब्बास र हमा इब्न इशाकका अनुसार यसको अर्थ हो: ईसा मसीहका दुश्मनहरूलाई (अर्थात यहूदीहरूलाई) उहाँलाई मार्ने अनुमति थिएन, त्यसैले खुदाले ईसा मसीहलाई जन्नततिर उचालेर उहाँको आदर गर्नुभयो । यि मुस्लिम विद्वान्हरूका पनि तीन बुँदाहरू भिन्दैछन्:

१. वहाबले भने : 'उहाँ तीन घण्टा मर्नुभयो र त्यसपछि मृत्युबाट पुनर्जीवित हुनुभयो ।'

२. मुहम्मद इब्न इशाकले भने : 'ईसा मसीह सात घण्टा मर्नुभयो, त्यसपछि खुदाले उहाँलाई मृत्युबाट पुनर्जीवित पार्नुभयो र जन्नतमा लैजानुभयो ।'

३. अल-रबिया इब्न युनुसले भने कि : 'खुदाले ईसा मसीहलाई मृत्युबाट पुनर्जीवित पारेर जन्नत लैजानको निम्ति मर्न लगाउनुभयो । खुदावन्दले मृत्युमा प्राणहरूलाई 'जम्मा गर्नुहुन्छ' र तिनीहरू आफ्ना निद्रामा मर्दैनन् ।'

त्यसैले, मुस्लिम विद्वान्हरूमाझ रहेका यी भिन्दै मतहरू र ईसा मसीहको जीवनका अन्तिम क्षणहरूसम्बन्धी कुरआनको एउटा (आयत) पदका तिनीहरूले गर्ने भिन्दाभिन्दै (अर्थ) उल्थाहरूको कारण सत्यताको खोजी गर्ने हरेक ईमानदार व्यक्तिले ईन्जीलको किताबतर्फ फर्किनु नै पर्दछ जसको कुनै उल्था आवश्यक पर्दैन । ईसा मसीहको मृत्यु, मृत्युबाट पुनर्जीवित र जन्नत उठाइएको सम्बन्धमा ईन्जीलमा कुनै मत भिन्नता छैन ।

## ईन्जील र कुरआनमा सलीब (क्रस)

रसूल पावलले इन्जीलको किताब १ कोरिन्थी १:२२-२४ पदहरूमा यसो भनेर लेखेका छन्, *"किनकि यहूदीहरू चिन्ह माग्छन्, र ग्रीकहरू ज्ञान खोज्छन्, तर हामी त सलीबमा टँगाइनुभएका ईसा मसीहको प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति ठक्करको कारण र ग्रीकहरूका निम्ति मूर्खता हुनुहुन्छ । तर बोलाइएकाहरूका निम्ति - दुवै यहूदीहरू र ग्रीकहरूका निम्ति*

*- ईसा मसीह खुदाका सामर्थ्य र खुदाका बुद्धि हुनुहुन्छ।"* १ कोरिन्थी २ : १-२ पदहरूमा तिनले यसो भनेका छन्, *"अनि भाइहरूहो, जब म तिमीहरूकहाँ तिमीहरूलाई खुदाको गवाहीको प्रचार गर्दै आएँ, तब म कलामको वा बुद्धिको उत्तमतामा आइनँ। किनकि मैले तिमीहरूका बीचमा खुदावन्द ईसा मसीह, र उहाँ सलीबमा टाँगिनुभएको कुराबाहेक अरू केही कुरा नजान्ने निर्णय गरेको थिएँ।"*

रसूलहरूले ईसाईमतको सुरुदखि नै प्रचार गरेका ईन्जील आनन्दपूर्ण खबर थियो जसलाई मानिसहरूले सुनेर कुबुल गरे, अनि जसद्वारा तिनीहरूले (उद्धार) नजात पाए, जसलाई पावलले पहिलो कोरिन्थी १५:१-४ का यी कलामरूमा सारांशित गरेका छन्, *"अब ए भाइहरूहो, जुन ईन्जील मैले तिमीहरूलाई प्रचार गरेँ, त्यही म तिमीहरूलाई बताउँछु, त्यसलाई नै तिमीहरूले कुबुल गरेका छौ, र त्यसैमा तिमीहरू उभिन्छौ, त्यसैद्वारा तिमीहरूले नजात पनि पाउँछौ, यदि तिमीहरूले मैले प्रचार गरेको कलाम बलियो गरी पक्रयौ भने, नत्र तिमीहरूले व्यर्थैमा ईमान ल्यायौ। किनकि सबैभन्दा पहिला मैले तिमीहरूलाई त्यही कुरा सुम्पिदिएँ जुन कुरा मैले पनि पाएको थिएँ, अर्थात् (किताब - ए-मुकद्दस) पवित्रशास्त्रहरू मुताबिक ईसा मसीह हाम्रा गुनाहहरूका निम्ति मर्नुभयो र गाडिनुभयो, अनि किताब -ए-मुकद्दस मुताबिक उहाँ तेस्रो दिनमा मृत्युबाट जीवित हुनुभयो।"*

तरै पनि, रसूल पावलको समयदेखि लगभग पाँच सय वर्षपछि र ईन्जील संसारभरि फैलिएपछि केही काफिरहरूले यो सत्यताको विरोध गरे र ईसाईहरूलाई यसो भने, "तिमीहरू आफ्नो धर्ममा अन्धो भएका छौ।" सायद यी विरोधीहरूले आफ्ना विचारहरू झूटा शिक्षाहरूबाट लिए होलान् --ईसाईमत मानेका यहूदीहरू, जसका पुर्खाहरूचाहिँ ईसा मसीह मर्नुहुनेथिएन वा मर्नुभएन भनी ईमान ल्याउनेहरूका छिमेकी थिए। यूहन्नाको ईन्जील १२:३४ मा ईसा मसीहसँग वादविवाद गर्दा शास्त्री (उलमा) र फरिसीहरूले यसो भने, *"ईसा मसीह सधैंभरि रहनहुन्छ भनी हामीले (शरिअत) व्यवस्थाबाट सुनेका छौं। अनि कसरी तपाईं भन्नुहुन्छ, 'मानिसका पुत्र माथि उचालिनुपर्छ'? यी मानिसका पुत्र को हुन्?"*

यो झूटो शिक्षा अरबी क्षेत्रका ईसाईहरूमाझ व्यापक भएको थियो भनी इतिहासकारहरू उल्लेख गर्दछन् । ती झूटा ईसाईहरूका अनुसार ईसा मसीहले आफूलाई एक रूपदेखि अर्को रूपमा बदल्न सक्नुहुन्थ्यो र उहाँका दुश्मनहरूले उहाँलाई पक्राउ गर्दा ईसा मसीहले अर्कै मानिसमा आफ्नो रूपमा राखिदिनुभयो जो उहाँको सट्टामा सलीबमा टँगाइयो र उहाँका दुश्मनहरू धोकामा परे ।

ईसा मसीहका अन्तिम दिनहरूसम्बन्धी कुरआनमा रहेको खण्ड यो कथासँग मेल खान्छ र यहूदी संस्करणसँग बाझिन्छ । सूरह अन्-निसा ४:१५७, १५८ यसो भन्दछ, *"तिनीहरू (अर्थात् यहूदीहरू) भन्दछन्, 'हामीले नै अल्लाहका रसूल मर्यम पुत्र ईसा मसीहको हत्या गरेका हौं', ...जबकि तिनीहरूले न उनलाई मारे र न उनलाई शूली नै चढाएका थिए बरू तिनीहरूको लागि (मामला) सन्दिग्ध तुल्याइयो । र, यस विषयमा मतभेद गर्नेहरू अवश्य नै यसप्रति सन्देहमा छन् । यसबारेमा अट्कलबाजीको अनुकरण गर्नुबाहेक तिनीहरूसित यसको कुनै ज्ञान छैन । तिनीहरूले ईसा मसीहको हत्या कदापी गरेका छैनन् । बरू अल्लाहले उनलाई आफूतर्फ उठाए ।"*

ईसाईमतसँग जोडिएका झूटा (तालिम) शिक्षाहरूबाट हामी प्रष्ट रूपमा बुझ्दछौं कि ती काफिरहरूको अनुमानमा सलीबचाहिँ एउटा ऐतिहासिक घटना वा (मुक्ति) नजातको सिद्धान्त थिएन, तर (मजूस) ज्योतिषीहरूलाई बेथलेहेममा बालक ईसा मसीहको डूँडसम्म अगुवाइ गरेको ताराजस्तै संकेत थियो । तर त्यो गह्रुङ्गो सलीब जसमा ईसा मसीह झुण्ड्याइनुभयो, जुन नजातको वेदी (कुर्बानगाह) हो जहाँ खुदाका थुमा (बर्रा) संसारको गुनाह उठाइ लैजानको निम्ति कुर्बान (बलिदान) हुनुभयो । ती काफिरहरूको लागि सलीबको कुनै महत्व छैन ! ईन्जीलको किताब गलाती ३:१३-१४ मा संसार का सबै जातिहरूलाई घोषणा गरेका सत्यतालाई ती काफिरहरूले ईन्कार गरे जहाँ यसरी भनिएको छ, "हाम्रा निम्ति श्राप बनेर ईसा मसीहले हामीलाई (शरिअत) व्यवस्थाको श्रापबाट दाम तिरी (छुटकारा) नजात दिनुभएको छ, किनकि यो लेखिएको छः 'हरेक जो सलीबमा झुन्डिन्छ, त्यो

श्रापित हो'। यसैले कि खुदावन्द ईसा मसीहद्वारा इब्राहिमको (बरकत) आशिष अन्यजातिहरूकहाँ आओस् र इमानद्वारा हामीले (रूहुल कुद्दुस) पवित्र आत्माको प्रतिज्ञा प्राप्त गर्न सकौं।

सायद सलीबप्रतिको सबैभन्दा अनौठो विरोध यूहन्नाले लेखेका भनिएको तर झूटा शिक्षकहरूले लेखेका नक्कली ईन्जीलको किताबमा पाइन्छ। इस्लामको किल्ला अरेबियाको वरिपरि छरिएका ती झूटा शिक्षकहरूबाट नै मुस्लिमहरूले सलीबप्रतिको यो घृणालाई आत्मसात गरेका कुरामा कुनै शङ्का छैन। अफसोसको कुरा के भने, ईसा मसीहको स्थान कसरी अर्को व्यक्तिले लियो भन्ने विषयमा मुस्लिम (उलमा) ईश्वरशास्त्रीहरू असहमत हुन्छन् र यसबारे धेरैवटा कथाहरू बनेका छन्। एउटाचाहिँ यो हो: यहूदीहरूले ईसा मसीहलाई मार्ने निर्णय गरेपछि खुदाले उहाँलाई जन्नत लैजानुभयो। यो घटनापछि तिनीहरूका यहूदी धर्मगरूहरू आफैविरुद्ध मानिसहरू जाइलाग्ने सोचेर डराए र अर्कै व्यक्तिलाई समातेर सलीबमा टाँगी मारे। अनि त्यो अर्कै व्यक्ति नै ईसा मसीह हुनुहुन्थ्यो भनी यहूदी धर्मगुरूहरूले मानिसहरूलाई धोका दिए। अर्को कथाले भन्दछ: खुदाले अर्कै मानिसमा ईसा मसीहको रूप राखिदिनुभयो जो ईसा मसीहको सट्टामा मऱ्यो।

यो कथाका धेरैवटा संस्करणहरू छन्:

१. यहूदा नाम गरेको एकजना यहूदी ईसा मसीहलाई पक्राइदिने उद्देश्य लिएर उहाँ हुनुभएको घरमा पस्यो, तर त्यसले उहाँलाई भेट्टाएन। खुदाले त्यहीमाथि ईसा मसीहको रूप राखिदिनुभयो र त्यो घरबाट बाहिर निस्कँदा मानिसहरूले त्यसलाई नै ईसा मसीह ठाने र त्यसलाई लगेर सलीबमा टाँगिदिए।

२. यहूदीहरूले ईसा मसीहलाई पक्रिएपछि उहाँलाई हेर्न एकजना पहरेदार राखे, तर एउटा (मोजेजा) आश्चर्यकर्मद्वारा ईसा मसीहलाई खुदाकहाँ उठाई लगियो र खुदाले ईसा मसीहको रूप त्यो पहरेदारमाथि राखिदिनुभयो, जसलाई तिनीहरूले लगेर सलीबमा टाँगिदिए जबकि त्यो व्यक्तिले म ईसा मसीह होइनँ भन्दै चिच्चायो।

३. ईसा मसीहका (ह्वारी) चेलाहरूमध्ये एकजना अर्थात्, यहूदा अस्खरयूतीले उहाँलाई धोका दियो र यहूदीहरूकहाँ आएर तिनीहरूलाई ईसा मसीह भएको ठाँउमा लगिदियो र उहाँलाई पक्रन तिनीहरूसँगै गयो। खुदाले यहूदालाई ईसा मसीहजस्तै देखिने बनाइदिनुभयो र यहूदीहरूले त्यस धोकेवाज यहूदा अस्खरयूतीलाई नै लगेर सलीबमा टाँगे।

कुरआनका केही टिप्पणीकारहरूमात्र यो कथामा सहमत हुन्छन्। मुस्लिम विद्वान् अल-जलालानले 'तिनीहरूलाई त्यस्तो लागेको मात्र थियो'। **'शुब्बि-ह-लहुम'** भन्ने कुरआनको वाक्यांशको उल्था गर्दै यसो भन्दछन्: अल्लाहले त्यो मानिसमा ईसा मसीहको रूप राखिदिनुभयो र तिनीहरूले उसलाई नै ईसा मसीह ठानी सलीबमा टाँगिदिए। 'ईसा मसीहको विषयमा अर्थात, उहाँको मृत्युको सम्बन्धमा असहमत हुनेहरू शङ्कामा छन्' भन्नुको अर्थ यो हो कि: तिनीहरूमध्ये कतिपयले त्यो मरेको मानिसलाई देखेर यसो भने, अनुहार (सूरत) त ईसा मसीहकै अनुहार (सूरत) हो, तर शरीर भने उहाँको होइन। अरूले चाहिँ ईसा मसीह नै हुनुहुन्छ भनी भने। (अल-जलालानको टिप्पणी, पृष्ठ नं. १३५)

मुस्लिम विद्वान् अल-बैदावीले भने, ''यसो भनिएको छ कि यहूदीहरूको एउटा समूहले ईसा मसीह र उहाँकी आमा मर्यमलाई पक्रे अनि उहाँले ति यहूदीहरूलाई (बददुवा) श्राप दिनुभयो र ती यहूदी समूह बाँदर तथा सुङ्गुरहरूमा बदलिए ! उहाँलाई मार्नको निम्ति यहूदीहरू भेला भए तर खुदाले उहाँलाई भन्नुभयो कि उहाँले ईसा मसीहलाई जन्नतमा लैजानुहुनेछ। ईसा मसीहले आफ्ना (ह्वारी) साथीहरूलाई भन्नुभयो, 'मेरो (सूरत) स्वरूप धारण गर्न, मारिन, सलीबमा टाँगिन र जन्नतमा जान को तयार छ ?' तिनीहरूमध्ये एकजना तयार भयो र खुदाले त्यस (ह्वारी) चेलामा ईसा मसीहको (सूरत) स्वरूप राखिदिनुभयो अनि ऊ मारियो र सलीबमा टँगाइयो।

मुस्लिम विद्वान् अल-जमाख्शरीले भने, 'तिनीहरूलाई त्यस्तो लागेको मात्र थियो' वाक्यांशको अर्थ यो हो: तिनीहरूले त्यस्तो कल्पना गरेका थिए

वा तिनीहरूले उहाँलाई मारेका र सलीबमा टाँगेका मानिलिए -- त्यसैले उहाँ मर्नुभयो र जीवित रहनुभएन। तर ईसा मसीह जीवित हुनुहुन्छ किनभने खुदाले उहाँलाई आफूकहाँ जन्नतमा उठाई लैजानुभयो।

पृथ्वीमा ईसा मसीहको मानव जीवनका अन्तिम दिनहरूको विषयमा कुरआनमा प्रष्टसँग नलेखिएको कारण यी विभिन्न कथाहरू उत्पन्न भएका कुरामा कुनै शङ्का छैन। यो खाडलले धेरैवटा (मत भिन्नता) गलतफेमीहरू र विपरीत धारणाहरूको लागि ढोका खोलिदियो। तर अन्ततः इमाम फक्रिद दिन अल-राजीजस्ता प्रखर विद्वान्ले यो कथाको पूर्णरूपमा खण्डन गर्नुपर्‍यो। सूरह आले इमरान् ३:५५, : *'हे, ईसा ! अब म तिमीलाई नियन्त्रणमा लिनेवाला छु। र तिमीलाई आफूतिर उठाउनेवाला छु,'* सम्बन्धी टिप्पणीमा तिनले ईसा मसीहको (सूरत) स्वरूप अर्को मानिसमा सारिदिने विषयलाई विभिन्न तरिकाले व्याख्या गरेः

१. खुदाले एक व्यक्तिको (सूरत) स्वरूप अर्कोमा हालिदिनुहुन्छ भनी जोड दिनु गलत कुरा हो किनभने त्यसले झूट र कमजोर तर्कहरूको ढोका खोलिदिन्छ र अन्त्यमा खुदाका नबीहरुले गरेका (मारिफत) भविष्यवाणीहरूलाई रद्द गरिदिन्छ।

२. खुदाले आफ्ना (रूहुल कुद्दुस) पवित्र आत्माद्वारा ईसा मसीहलाई सहायता गर्नुभयो। यो अवस्थामा के उहाँ त्यसो गर्न (काबील) सक्षम हुनुहुन्नथ्यो ? ईसा मसीह मरेकाहरूलाई पुनर्जीवित पार्न (सक्षम) काबिल हुनुहुन्थ्यो, र त्यसैले के उहाँ आफैलाई रक्षा गर्न (असक्षम) नाकाबिल हुनुहुन्नथ्यो ?

३. उहाँलाई जन्नतको लागि उठाएर खुदाले उहाँलाई उद्धार (नजात) गर्न सक्नुभयो। त्यसैले उहाँको (सूरत) स्वरूप अर्कैमा हालिदिएर यसबाट के फाइदा भयो र ?

४. त्यसो गरेर -- अर्थात् अर्कोलाई उहाँजस्तै बनाएर -- तिनीहरूलाई त्यो अर्को मानिस नै ईसा मसीह थियो भनी ईमान ल्याउन लगाइयो, यद्यपि ऊ ईसा मसीह थिएन। त्यो एउटा धोकेबाजी कार्य थियो र खुदाको बुद्धिसँग मेल खाँदैनथ्यो।

५. पूर्वदेखि पश्चिमसम्मका अधिकांश ईसाईहरूले ईसा मसीहप्रतिको आफ्नो उत्कट प्रेम र उहाँको कामप्रतिको उच्च जोशसहित उहाँ सलीबमा टँगाइनुभएको कुराको गवाही दिए । त्यसकारण, यदि हामीले यसलाई ईन्कार गर्दछौं भने ऐतिहासिक घटनाहरूलाई कमजोर बनाउँदछौं र यसरी मुहम्मद, ईसा मसीह र बाँकी नबीहरूको भविष्यवाणीलाई तुच्छ गन्दछौं ।

६. तार्किक (सामान्य) कुराचाहिँ यो हुनेथियो: त्यो अर्को मानिसले आफ्नो जीवनको बचाव गर्न आफू वास्तबमा ईसा मसीह नभएको कुरा बताउन सक्दथ्यो ।

उसले त्यसो नगरेको हुनाले त्यो विषय त्यति आधिकारिक थिएन भनी हामी बुझ्दछौं । कुरआनका भनाइहरूले ईसा मसीहको सलीबमा भएको मृत्युलाई ईन्कार गरे पनि उहाँ जन्नतमा उठाइ लगिनुभन्दा अगाडि नै उहाँको मृत्यु भएको कुरालाई भने कुरआनले पक्कै पनि ईन्कार गर्दैन । कुरआनमा चित्रण गरिएअनुसार ईसा मसीहको जीवनको अन्त्यबारे सोचविचार गर्दा हामी उहाँको मृत्युलाई पुष्टि गर्ने तीनवटा र उहाँ मारिनुभएको थियो भनी उल्लेख गर्ने दुईवटा खण्डहरू पाउँदछौं ।

१. सूरह मर्यम् १९:३३ -- *"र शान्ति नै शान्ति छ ममाथि जुन दिन म जन्में, जुन दिन म मर्नेछु र जुन दिन मलाई जीवित पारेर उठाइनेछ ।"*

२. सूरह आले इमरान् ३:५५ --*"हे, ईसा ! अब म तिमीलाई नियन्त्रणमा लिनेवाला छु । र तिमीलाई आफूतिर उठाउनेवाला छु ।"*

३. सूरह अल्-माइदा ५: ११७ --*"... र जबसम्म म उनीहरूबीच रहें तबसम्म मैले उनीहरूको खबर राखें फेरि जब तिमीले मलाई (जन्नतको लागि) उठायौ तब तिमी नै उनीहरूको निरीक्षक थियौ ।"*

४. सूरह अल्-बक़रह् २:८७ --*"... तिमीहरूसमक्ष कुनै रसूल तिम्रो चाहना विपरीत कुनै कुरा लिएर आउँदा तिमीहरूले जहिले पनि अटेरी गऱ्यौ अनि केही रसूलहरूलाई झूठो ठहर गऱ्यौ र केहीको त हत्या नै गरिदयौ ।"*

५. सूरह आले इमरान् ३:१८३ --*“.... तिनीहरूलाई भनिदेऊ ‘मभन्दा पहिले तिमीहरूसमक्ष स्पष्ट निशानीहरूकासाथ र तिमीहरूले भने जस्तै रसूलहरू आएका थिए अनि तिमीहरू सच्चा छौ भने उनीहरूको हत्या किन गऱ्यौ’ ।”*

कुरआनका कथाहरूको जाँच गर्ने हो भने एउटा भेटी (नजराना) लिएर खुदाबाट आउनुभएका एकमात्र सन्देशष्टा (दूत) ईसा मसीह हुनुहुन्थ्यो भन्ने हामी पाउँदछौं । सूरह अल्-माइदा ५:११४ भन्दछ,*“मर्यम पुत्र ईसाले प्रार्थना गरे - ‘हे अल्लाह ! हाम्रा पालनकर्ता ! हामीमाथि आकाशबाट माइदा अवतरित गर जुन हाम्रो लागि, हामीभन्दा पहिले तथा पछिको लागि हर्षको अवसर बनोस् र तिम्रो तर्फबाट एउटा निशानी बनोस् । अनि हामीहरूलाई आजीविका देऊ र तिमी उत्तम अन्नदाता हौ’ ।”*

अब सूरह अन्-निसा ४:१५७ मा रहेको भनाइतिर फर्कौं जहाँ यसो भनिएको छ :*“....तिनीहरूले न उनलाई मारे र न त शुली नै चढाएको थिए बरू तिनीहरूका लागि (मामला) सन्दिग्दध तुल्याइयो ।”* योचाहिँ अक्षरको बन्धनदेखि (पवित्र आत्मा) रूहुल कुद्दुसको फराकिलो स्वतन्त्रतासम्म शब्दको अक्षरमा जोडिइराख्नेहरूलाई हटाउने एउटा प्रयास हो । सत्यता पत्ता लगाउनको निम्ति हामीलाई ईन्जीलका खण्डहरूबाहेक अरू कुनै पनि कुरा चाहिँदैन । यो एकमात्र विकल्पको बाटोले हामीलाई यहूदी धर्मुगरूहरूले ईसा मसीहलाई मार्नुमा लिएका उद्देश्य पत्ता लगाउन लगाउँदछ र यूहन्नाको ईन्जील ११:४७-५० मा यसो लेखिएको छ, *“तब मुख्य पूजाहारीहरू र फरिसीहरूले एउटा महासभा भेला गराएर भने, “हामी के गरौं ? किनकि यस मानिसले धेरै (मोजेजा) आश्चर्यकर्महरू गर्छ । हामीले यसलाई त्यसै छोडिदियौं भने त सबैले यसमाथि ईमान ल्याउनेछ, अनि रोमीहरू आउनेछन् र हाम्रो ठाउँ तथा जाति दुवैलाई लैजानेछन् ।” अनि तिनीहरूमध्ये कायफा नाम भएका एकजनाले, त्यस सालका महापूजाहारी भएका हुनाले तिनीहरूलाई भने, “तिमीहरू केही पनि जान्दैनौ, साथै सारा जाति नष्ट नहोस् भनेर जनताको निम्ति एकजना मानिस मर्नु नै हाम्रो लागि फाइदा छ भनी सोच्न पनि सक्दैनौ ।”*

वास्तवमा, ती यहूदीहरूले उहाँलाई सलीबमा टाँगे, उहाँ मर्नुभयो र (चिहान) कब्रमा राखिनुभयो अनि कब्रको ढोकामा पिलातसको छापले छाप मारियो, तब यहूदीहरू अन्ततः उहाँको शिक्षा र (मोजेजा) चिन्हहरूदेखि बचाइए भन्ने सोच्दै र उहाँको निर्मम मृत्यु उहाँका (ह्वारी) चेलाहरूलाई थप क्रियाकलाप गर्नदेखि रोक्न पर्याप्त थियो भन्ने आशा गर्दै तिनीहरू अति खुसी भए । तर खुदाई इच्छाका बतासहरूले यहूदी अठोटका जहाजहरूलाई तिनीहरूले नचाहेका ठाउँमा पुऱ्याइदिए, किनकि सलीबमा भएको उहाँको प्रायश्चितपूर्ण मृत्युले चाँडै नै संसारका हजारौं हजार मासिसहरूलाई उहाँकहाँ आकर्षण गरेको थियो । यूहन्नाको इन्जील १२:३२ मा भने झैं उहाँको बारेमा गरिएको भविष्यवाणी पूरा भयो,*"अनि म पृथ्वीदेखिमाथि (जन्नतमा) उचालिएँ भने सबै मानिसहरूलाई आफूकहाँ तान्नेछु ।"*

त्यसरी नै, उहाँले रसूलहरूलाई दिनुभएको शक्तिअनुसार रसूलरूका समयभरि (मोजेजा) आश्चर्यकर्महरू भइरहे । रसूलहरूको किताब १९:११-१२ मा हामीलाई भन्दछ, *"अनि खुदाले रसूल पावलका हातबाट असाधारण आश्चर्य कामहरू (मोजेजा) गनुभयो, यहाँसम्म कि रुमाल अथवा गम्छाहरू तिनको शरीरमा छुवाएर विरामीहरूकहाँ लगिन्थे, र तिनीहरूका शरीरबाट रोग जान्थे, र दुष्ट आत्मा (बदरूह) निस्कन्थे ।"*

त्यसैले *'यसको विषयमा असहमत हुनेहरू शङ्कामा छन्, त्यसको कुनै ज्ञान तिनीहरूमा छैन, अडकलबाजी मात्र, निश्चय पनि तिनीहरूले उहाँलाई मारेनन्'* भन्ने कुरआनको पदलाई हामी तिनीहरू अर्थात् (काफिर) अविश्वासीहरू विरुद्धको गवाहीको रूपमा स्वीकार गर्न सक्दछौं । उहाँ तेस्रो दिनमा मृत्युबाट जीवित हुनुभयो र त्यसपछि चालीस दिनसम्म आफ्ना (ह्वारी) चेलाहरूकहाँ धेरैपटक देखा पर्नुभयो, त्यसपछि उहाँ जन्नततिर उचालिनुभयो र कुरआनको यो भनाइसँग मेल खाने गरी खुदाको दाहिने हातपट्टि बिराजमान हुनुभयो, *"हेर ! म तिमीलाई उठाउनेवाला छु र तिमीलाई मकहाँ उचाल्नेछु ।"*

**ईसा मसीहको सलीबमा भएको मृत्यु सम्बन्धी हाम्रा प्रमाणहरू :**

प्रमाणहरू त प्रशस्तै छन् र यस किताबले ती सबैलाई विस्तृत रूपमा उल्लेख गर्न सक्दैन । केही प्रमाणहरु तल दिइएका छन्:

**भविष्यवाणीहरू :**

खुदाका नबीहरुले ईसा मसीहको सलीबमा हुने प्रायश्चितपूर्ण (कुर्बानी) मृत्युलाई जनाउने धेरैवटा भविष्यवाणीहरू बोलेका कुराहरु बाइबलमा उल्लेख छन्, जसमध्ये सबै नै शब्दतः पूरा भए ।

**भविष्यवाणी – ईसा मसीहलाई तीस टुक्रा चाँदीमा बेचिने कुरा ।**

जकरिया ११:१२, *“अनि मैले तिनीहरूलाई भनेँ: ‘तिमीहरूलाई असल लाग्यो भने मलाई मेरो ज्याला देओ ! होइन भने छोडिदेओ !’ तब तिनीहरूले मेरो ज्याला तौले - चाँदीका तीस टुक्रा ।”*

**पूर्णता** - मत्ती २६:१४, १५ *“तब बाह्रमध्ये एकजना, यहूदा इस्करयोती भनिनेचाहिँ, मुख्य पूजाहारीहरूकहाँ गयो, र तिनीहरूलाई भन्यो: ‘तपाईंहरू मलाई के दिन चाहनुहुन्छ, र म ईसा मसीहलाई तपाईंहरूका हातमा सुम्पिदिऊँ ?’ अनि तिनीहरूले त्यससित चाँदीका तीस सिक्का दिने कबुल गरे ।”*

**भविष्यवाणी – त्यो पैसाले कुमालेको जमिन किन्ने कुरा ।**

जकरिया ११:१३, *“अनि खुदाले मलाई भन्नुभयो: ‘त्यो कुमालेको सामु फ्याँकिदेऊ - त्यो नीच दाम, जो तिनीहरूले मेरा निम्ति तोके !’ अनि मैले ती चाँदीका तीस टुक्रा लिएँ, र तिनलाई खुदाको भवनमा कुमालेको सामु फ्याँकिदिएँ ।”*

**पूर्णता** - मत्ती २७:३-८, *“तब उहाँमाथि दण्डको आज्ञा भएको देखेर ईसा मसीहलाई पक्राइदिने यहूदा पछुतायो, अनि त्यसले ती चाँदीका तीस सिक्का मुख्य पूजाहारीहरू र बूढा प्रधानहरूकहाँ यसो भन्दै फर्काएर ल्यायो: ‘मैले निर्दोषको रगत बगाउनको लागि पक्राइदिएर पाप गरेको छु ।’ अनि*

*तिनीहरूले भनेः 'हामीलाई के ? तिमी आफै जान ।' अनि ती चाँदीका सिक्काहरू मन्दिरमा फ्याँकिराखेर त्यो हिँड्यो, अनि गएर आफैलाई फाँसी लगायो । अनि मुख्य पूजाहारीहरूले ती चाँदीका सिक्काहरू लिएर भनेः 'यिनलाई मन्दिरको ढुकुटीमा राख्नु उचित हुँदैन, किनकि यो रगतको दाम हो ।' अनि तिनीहरूले मतो गरे र परदेशीहरूलाई गाड्नको निम्ति ती सिक्काले कुमालेको जमिन किने । यसैकारण आजको दिनसम्म पनि त्यस जमिनलाई 'रगतको जमिन' भनिन्छ ।"*

## भविष्यवाणी – गिल्ला र सलीबमा भएको मृत्यु ।

जबूर २२:१६-१८, *"कुकुरहरूले मलाई घेरेका छन्, दुष्टहरूको झुण्डले मलाई चारैपट्टिबाट थुनेको छ, तिनीहरूले मेरा हात र मेरा पाउ छेंडे । म मेरा सबै हड्डीहरू गन्न सक्छु, तिनीहरू मलाई एक टक लगाएर हेर्छन् । तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकका लागि गोला हाल्छन् ।"*

पूर्णता - मत्ती २७:३५-४२, *"अनि त्यहाँबाट आउने-जानेहरूले यसो भन्दै उहाँलाई गिल्ला गर्दथेः 'तँ खुदाका पुत्र होस् भने सलीबबाट ओर्ली आइज र आफैलाई बचा !' त्यसरी नै मुख्य पूजाहारीहरूले पनि उहाँलाई गिल्ला गर्दै यसो भनेः 'यसले अरूलाई त बचायो; आफैलाई चाहिँ यसले बचाउन सक्दैन । यो इस्राएलको राजा हो भने अब सलीबबाट ओर्ली आओस्, र हामी ईमान ल्याउनेछौं' ।"*

## भविष्यवाणी – पिताले उहाँलाई त्यागनुभयो भन्ने उहाँको दुःखित भनाइ ।

जबूर २२:१, *"हे मेरा खुदा, हे मेरा खुदा, तपाईंले मलाई किन त्याग्नुभयो ? मलाई सहायता गर्नदेखि र मेरा चीत्कारका शब्दहरूदेखि तपाईं किन यति टाढा हुनुहुन्छ ?"*

पूर्णता - मत्ती २७:४६, *दिनको तीन बजेतिर ईसा मसीह ठूलो सोरले यसो भन्दै कराउनुभयोः "एली, एली, लामा सबकथनी ?" अर्थात् 'हे मेरा*

*खुदा, हे मेरा खुदा, तपाईंले मलाई किन त्याग्नुभयो ?'*

**भविष्यवाणी – तिनीहरूले उहाँलाई सिर्का पिउन दिए ।**

जबूर ६९:२१, *“मलाई तिर्खा लाग्दा पिउनको लागि तिनीहरूले मलाई सिर्का दिए ।”*

पूर्णता - यूहन्नाको ईन्जील १९:२८, *त्यसपछि सबै कुरा पूरा भइसके भनी जानेर पवित्रशास्त्र पूरा होओस् भनी ईसा मसीहले भन्नुभयो, “मलाई तिर्खा लाग्यो !”.... अनि तिनीहरूले एउटा स्पन्जलाई सिर्काले भरे र त्यसलाई एउटा हिसपमा राखेर उहाँको मुखमा पुऱ्याए ।*

**भविष्यवाणी – सिपाहीहरूले गोला हालेर उहाँका वस्त्रहरु आपसमा बाँडे ।**

जबूर २२:१८, *तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन् र मेरो पोशाकको लागि गोला हाल्छन् ।*

पूर्णता -यूहन्नाको ईन्जील १९:२३, *तब सिपाहीहरूले ईसा मसीहलाई सलीबमा टाँगेपछि उहाँका वस्त्रहरू लिएर हरेक सिपाहीको लागि एक एक भाग हुने गरी चार भागमा बाँडे ।*

**भविष्यवाणी – उहाँका हड्डीहरू भाँच्चिएनन् ।**

जबूर ३४:२०, *उहाँले उसका सबै हड्डीहरूको रक्षा गर्नुहुन्छ, तिनमा एउटै पनि भाँच्चिदैन ।*

पूर्णता - यूहन्नाको ईन्जील १९:३२, *तब सिपाहीहरू आए, अनि पहिलोचाहिँ खुट्टा भाँचिदिए र अर्कोचाहिँका पनि, जो उहाँसँगै सलीबमा टँगाइएको थियो । तर ईसा मसीहकहाँ आउँदा उहाँ मरिसक्नुभएको देखेपछि तिनीहरूले उहाँका खुट्टा भाँचेनन् ।*

**भविष्यवाणी – उहाँलाई भालाले छेंडिएको ।**

जकरिया १२:१०, *अनि तिनीहरूले मलाई हेर्नेछन् जसलाई तिनीहरूले*

*छेंडेका थिए, अनि.... उहाँका निम्ति विलाप गर्नेछन् ।*

**पूर्णता** - यूहन्ना १९:३४, *तर सिपाहीहरूमध्ये एकजनाले ईसा मसीहको कोखामा भालाले छेंड्यो, अनि तुरुन्तै रगत र पानी निस्किए ।*

## भविष्यवाणी – दुष्टहरूसँग उहाँको मृत्यु भयो तर उहाँ महिमित पनि हुनुभयो ।

यशैया ५३:९, *अनि उसको चिहान दुष्टहरूको साथमा ठहरियो, तर उसको मृत्युमा ऊ धनवान्को साथमा थियो ।*

पूर्णता -मत्ती २७:५७-६०, *अब साँझ परेपछि यूसुफ नाम भएका अरिमथियाका एकजना धनी मानिस आए: तिनी आफै पनि ईसा मसीहका (ह्वारी) चेला थिए । अनि पिलातसकहाँ गएर तिनले ईसा मसीहको लाश मागे । तब 'लाश दिइयोस्' भनी पिलातसले हुकुम गरे । अनि युसूफले त्यस लाशलाई लगेर एउटा सफा सुती कपडामा लपेटे, र त्यसलाई तिनको आफ्नै नयाँ (कब्र) चिहानमा राखे, जसलाई तिनले चट्टानमा खोपेर बनाएका थिए ।*

## सलीबमा हुने आफ्नो मृत्यु बारे ईसा मसीहका भनाइहरू :

ईसा मसीहले (नजात) मुक्तिको काम पूरा गरिदिनको लागि आफू सलीबमा मर्नुपर्दथ्यो भनी आफ्ना (ह्वारी) चेलाहरूलाई धेरैपटक व्याख्या गर्नुभयो । यस संसारबाट उहाँको विदाइ हुनभन्दा अघि उहाँले आफूलाई पक्राइदिइने रातमा तिनीहरूलाई सो जानकारी दिनुभयो । त्यसमा उहाँले ईन्जीलको आश्चर्यलाई पुनः व्याख्या गर्नुभयो । मानवजातिलाई मुक्ति (नजात) दिनको लागि सलीबमा भएको उहाँको मृत्युको विषयमा उहाँले गर्नुभएका विशेष घोषणाहरूमध्ये केही तल दिइएका छन् ।

मत्तीको ईन्जील १६:२१, त्यस समयदेखि ईसा मसीहले, उहाँलाई यरूशलेम जानु, बूढा प्रधानहरू, मुख्य पूजाहारीहरू र (उलमा) शास्त्रीहरूबाट अनेकौं दु:ख भोग्नु, मारिनु र तेस्रो दिनमा मृत्युबाट पुनर्जीवित पारिनु आवश्यक छ भनी आफ्ना (ह्वारी) चेलाहरूलाई देखाउन थाल्नुभयो ।

मत्तीको ईन्जील १७:२२, ईसा मसीहले आफ्ना ह्वारीरूलाई भन्नुभयो: "मानिसका पुत्र मानिसहरूका हातमा पक्राइनेछन्, तिनीहरूले तिनलाई मार्नेछन्, र तेस्रो दिनमा तिनी फेरि मृत्युबाट पुनर्जीवित पारिनेछन् ।"

मत्तीको ईन्जील २६:१-२, *ईसा मसीहले आफ्ना ह्वारीहरूलाई भन्नुभयो: "तिमीहरू जान्दछौ, दुई दिनपछि (ईद फसह) निस्तार-चाड छ, अनि मानिसका पुत्र सलीबमा टँगाइनका निम्ति पक्राइन्छन् ।'*

मर्कूसको ईन्जील ८:३१, *अनि मानिसका पुत्रले धेरै दु:ख भोग्नुपर्दछ, तिनी बूढा प्रधानहरू, मुख्य पूजाहारीहरू र (उलमा) शास्त्रीहरूबाट ईन्कार गरिनुपर्दछ, मारिनुपर्दछ र तीन दिनपछि* मृत्युबाट *पुनर्जीवित हुनुपर्दछ भनी उहाँले ह्वारीहरूलाई शिक्षा दिन थाल्नुभयो ।*

मर्कूसको ईन्जील ९:३१, इसा *मसीहले आफ्ना ह्वारीहरूलाई शिक्षा दिनुभयो र तिनीहरूलाई भन्नुभयो, "मानिसका पुत्रचाहिँ मानिसहरूका हातमा सुम्पिइन्छन् र तिनीहरूले तिनलाई मार्नेछन् । अनि तिनी मारिएपछि तेस्रो दिनमा* मृत्युबाट *पुनर्जीवित हुनेछन् ।"*

मर्कूसको ईन्जील १०:३२-३४, *ईसा मसीहले बाह्रजना ह्वारीहरूलाई लिनुभयो र उहाँमाथि आइपर्ने कुराहरू तिनीहरूलाई भन्न लाग्नुभयो, "हेर, हामी माथि यरूशलेमतिर गइरहेछौं, अनि मानिसका पुत्र मुख्य पूजाहारीहरू र (उलमा) शास्त्रीहरूकहाँ सुम्पिइनेछन् । अनि तिनीहरूले उनलाई मृत्युदण्डको योग्य ठहराउनेछन् र उनलाई अन्यजातिहरूकहाँ सुम्पिदिनेछन् । अनि तिनीहरूले तिनलाई गिल्ला गर्नेछन्, कोर्रा लाउनेछन्, थुक्नेछन् र मार्नेछन् । अनि तेस्रो दिनमा तिनी मृत्युबाट पुनर्जीवित हुनेछन् ।"*

लूकाको ईन्जील ९:२२, *"मानिसका पुत्रले धेरै दु:ख भोग्नु, बूढा प्रधानहरू, मुख्य पूजाहारीहरू र (उलमा) शास्त्रीहरूद्वारा गरिनु, मारिनु र तेस्रो दिनमा मृत्युबाट पुनर्जीवित पारिनुपर्छ ।"*

यूहन्नाको ईन्जील ३:१३-१५, *"अनि जन्नतमा कोही मानिस उक्लिएको छैन, केवल तिनी, जो जन्नतबाट ओर्लिएका छन् अर्थात् मानिसका पुत्र, । अनि जसरी नबी मुसाले उजाडस्थानमा साँपलाई उचाले, त्यसरी नै मानिसका*

*पुत्र पनि उचालिनुपर्छ। ताकि उहाँमाथि ईमान ल्याउने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्।"*

**रसूलहरूको गवाही :**

रसूलहरूका किताब र तिनीहरूका पत्रहरू पढ्ने सबैले यो कुरा थाहा पाउँछन् कि तिनीहरूले प्रचार गरेका र संसारभरि फैलिएका सिद्धान्तहरू संसारका (पाप) गुनाहको निम्ति सलीबमा टँगाइनुभएको ईसा मसीहको सन्देशमा आधारित थिए। त्यसपछि रसूलहरूका शव्दहरूबाट एउटा ज्योति आउँदछ जसले यो सन्देश प्रचार गरेपछि त्यसलाई (पवित्र आत्मा) रूहुल कुद्दुसको अगुवाइमा हाम्रो शिक्षाको निम्ति लेखे। प्रेरित २:२२-२४, *"ए इस्राएली मानिसहरूहो, यी कुराहरू सुन्नुहोस्: नासरतका ईसा मसीह खुदाबाट सामर्थ्यका कामहरू, (मोजेजा) अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका निम्ति प्रमाणित गरिनुभएका मानिस हुनुहुन्छ, ती खुदाले उहाँद्वारा तपाईंहरूकै बीचमा गर्नुभयो, जसरी तपाईंहरू आफै पनि जान्नुहुन्छ, उहाँलाई नै, जो खुदाको ठहराइएको योजना र पूर्वज्ञानअनुसार सुम्पिनुभएको थियो, तपाईंहरूले लानुभयो, अधर्मी हातहरूद्वारा सलीबमा टाँग्नुभयो, र मार्नुभयो। उहाँलाई खुदाले मृत्युका पीडाहरूबाट छुटाईकन मृत्युबाट पुनर्जीवित पार्नुभयो।"*

१ कोरिन्थी २:७-८ मा यसरी भनिएको छ, *"तर हामी खुदाको बुद्धि रहस्यमा बताउँछौं, त्यो गुप्त राखिएको बुद्धि, जसलाई खुदाले हाम्रा महिमाका निम्ति संसारको अघि नै ठहराउनुभयो, जसलाई यस संसारका शासकहरूमध्ये कुनैले पनि जान्न सकेन, किनकि यदि तिनीहरूले त्यो कुरा जानेका भए त महिमाका खुदावन्द ईसा मसीहलाई सलीबमा कदापी टाँग्ने थिएनन्।"*

खुदाका रसूल यूहन्नाले १ यूहन्ना १:७ मा भने, *"जसरी उहाँ ज्योतिमा हुनुहुन्छ, उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एकअर्कासँग हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र ईसा मसीहको (खुन) रगतले हामीलाई सबै (पाप) गुनाहबाट शुद्ध पार्छ।"*

साथै प्रेरित २:३६, रोमी ६:५ र ६, १ कोरिन्थी १:१७-१८, १ कोरिन्थी १:२२-२४, १ कोरिन्थी २:१-२, २ कोरिन्थी १३:३-४, गलाती ३:१३, फिलिप्पी २:५-८ र हिब्रू १२:२ पनि पढ्नुहोस् ।

## ईसा मसीहको मृत्युसँगै भएका (मोजेजा) चिन्हहरू :

मत्तीको ईन्जीलले खुदावन्द ईसा मसीहको सलीबमा मृत्यु हुँदा सूर्य अँध्यारो भएको र मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई फ्याक भई च्यातिएको, पृथ्वी हल्लिएको र (कब्र) चिहानहरू खोलिएको जस्ता घट्नाहरू बताईएको छ । मत्तीको ईन्जील २७:५०-५४,*"ईसा मसीहले फेरि ठूलो सोरले कराएर प्राण छोड्नुभयो । अनि हेर, मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो; अनि पृथ्वी हल्लियो, र चट्टानहरू फाटे; अनि (कब्र) चिहानहरू खोलिए; र सुतेका पवित्र जनहरूका धेरै शरीरहरू पुनर्जीवित भए; अनि उहाँ मृत्युबाट पुनर्जीवित हुनुभएपछि तिनीहरू चिहानबाट निस्केर पवित्र शहरभित्र पसे र धेरैकहाँ देखा परे । तर जब कप्तान र उनका साथमा ईसा मसीहलाई पहरा दिनेहरूले भुइँचालो र त्यहाँ भएका घटनाहरू देखे, तब तिनीहरू यसो भन्दै साह्रै डराए: "साँच्चै, यिनी खुदाकै पुत्र रहेछन् ।"*

प्रकृतिमा बाहिरी (मोजेजा) चिन्हहरू भए, तत्वहरू हटाइए र तिनको कारण मानिसका (आत्मा) रूहहरू नम्र पारिए, ताकि ईसा मसीहलाई मृत्युदण्ड दिनको निम्ति जिम्मेवार रोमी कप्तान अर्थात् एक मूर्तिपूजक र तिनीसँग भएक अरूले छक्क पर्दै सलीबमा टँगाइनुभएका ईसा मसीहमाथि ईमान ल्याए र यसो भने कि ईसा मसीह साँच्चै खुदाकै पुत्र रहेछन् । यस्तो आश्चर्यजनक घटना कुनै मानिसको मृत्युभन्दा अगाडि या पछाडि कहिल्यै पनि भएको थिएन ।

## ईसा मसीह मत्युबाट पुनर्जीवित हुनुभयो :

यो आश्चर्यजनक घटना खुदावन्द ईसा मसीहले फरिसीहरू र (उलमा) शास्त्रीहरूलाई भन्नुभएको कलामअनुसार नै पूरा भयो, यो मन्दिर भत्काइदेओ र म यसलाई तेस्रो दिनमा ठड्याउनेछु । वास्तवमा, तेस्रो दिनको

झिसमिसेमा, हप्ताको पहिलो दिनमा, इतिहासकै सबैभन्दा महान् आश्चर्यकर्म (मोजेजा) भयो । महिमाका खुदावन्द मरेकाहरूका माझबाट पुनर्जीवित हुनुभयो । जन्नत आफैले यो आश्चर्यजनक घटनाको घोषणा गऱ्यो । झिसमिसे हुनुभन्दा अगावै ठूलो भुइँचालो गयो, जति बेला खुदाका फरिश्ता जन्नतबाट ओर्लिए र तिनले (कब्र) चिहानको ढोकामा राखिएको विशाल ढुङ्गा गुडाएर हटाइदिए । तिनको मुहार चट्याङजस्तै थियो, र कब्रको सुरक्षाको निम्ति पिलातसले खटाएका पहरेदारहरू डरले कामे । यो वास्तविक र ऐतिहासिक घटनालाई लुकाइयो र यहूदी धर्मगुरूहरूले 'ईसा मसीहका ह्वारीहरूले उहाँको लाश चोरेर त्यसलाई लुकाएर उहाँ मृत्युबाट पुनर्जीवित हुनुभयो भन्ने योजना बनाए' भन्ने जस्ता भ्रमात्मक कथा चारैतिर फैलाए ।

त्यो महिमित बिहानीमा महिलाहरूको एउटा समूह अन्तिम आदरस्वरूप ईसा मसीहको लाशमा घस्नको निम्ति मसलाहरू लिएर (कब्र) चिहानमा आयो । मर्यम मग्दलिनी र याकूबकी आमा मर्यम सबैभन्दा पहिला पुगे । कब्रको ढोकाको ढुङ्गा गुड्याएर हटाइएको र कब्र रित्तै भएको देखेर तिनीहरू आश्चर्यचकित भए । तिनीहरूले प्रश्न गरिरहँदा खुदाका एक फरिश्ता देखा परे र तिनीहरूलाई नडराउनू भनेर भने । मत्तीको इन्जील २८:१-७, *"हप्ताको पहिलो दिनमा मिरमिरे उज्यालो हुँदै गर्दा मर्यम मग्दलिनी र अर्की मर्यम चिहान (कब्र) हेर्न आए । अनि हेर, ठूलो भुइँचालो गयो; किनभने खुदाको फरिश्ता जन्नतबाट ओर्ले, अनि आएर ढोकाबाट ढुङ्गा गुडाएर हटाए, र त्यसपछि बसे । तिनको मुहार बिजुलीजस्तै र तिनको वस्त्र हिउँजस्तै सेतो थियो । अनि ती पहरेदारहरू तिनको डरले लगलग कामे, र मूर्दाहरूजस्तै भए । अनि फरिश्ताले जवाफ दिएर ती स्त्रीहरूलाई भने: "नडराओ, किनकि म जान्दछु, तिमीहरू सलीबमा टाँगिनुभएका ईसा मसीहलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न; किनभने उहाँले भन्नुभएअनुसार उहाँ मृत्युबाट पुनर्जीवित हुनुभयो । आओ, खुदावन्द पस्रिनुभएको ठाउँ हेर । अनि चाँडो गएर उहाँका ह्वारीहरूलाई 'उहाँ मरेकाहरूबाट पुनर्जीवित हुनुभयो' भनी भनिदेओ; अनि हेर, उहाँ तिमीहरूभन्दा पहिला गालील जानुहुन्छ । त्यहाँ तिमीहरूले उहाँलाई देख्नेछौ; हेर, मैले तिमीहरूलाई भनेको छु ।"*

अनि मत्तीको इन्जील २८:९ र १० ले भन्दछ, *“अनि तिनीहरू उहाँका ह्वारीहरूलाई खबर दिन जाँदै गर्दा हेर, ईसा मसीहले तिनीहरूलाई यसो भन्दै भेट्नुभयो: “सलाम !” अनि तिनीहरूले आएर उहाँका पाउ समाती उहाँलाई दण्डवत् गरे । तब ईसा मसीहले तिनीहरूलाई भन्नुभयो: “नडराओ; जाओ, मेरा भाइहरूलाई गालील जानू भनिदेओ, र त्यहाँ तिनीहरूले मलाई देख्नेछन् ।”*

ईसा मसीह मृत्युबाट पुनर्जीवित हुनुहुँदा यस्तो भएको थियो । यो कुरा खुदाको प्रेरणाद्वारा ईन्जीलको किताबमा लेखिएको थियो र खुदाको कलाममाथि ईमान ल्याउने कसैले पनि यसलाई ईन्कार गर्ने साहस गर्न सक्दैन । तिनीहरूले त्यसो गरेमा त्यो त खुदा, सबै फरिश्ताहरू र ईसा मसीहले मिलेर मानिसहरूलाई धोका दिन लाग्नुभएको थियो भनी दाबी गरेजस्तै हो ।

## इतिहासको गवाही :

सलीबमा भएको ईसा मसीहको मृत्युलाई मूर्तिपूजक तथा यहूदी प्राचीन इतिहासकारहरूले पुष्टि गरेका छन् । तिनीहरूले यसको विषयमा अति प्रष्ट रूपमा लेखेका छन् ।

१. मूर्तिपूजक इतिहासकार तासिटसले ईश्वी सन् ५५ मा आफ्नो ठूलो किताबमा ईसा मसीहको सलीबमा भएको मृत्यु तथा उहाँका कष्टहरूको विषयमा विस्तृत विवरणहरू लेखे ।

२. ईसा मसीहको सलीबमा भएको मृत्युभन्दा केही वर्षपछाडि जन्मिएका यहूदी इतिहासकार जोसेफसले आफ्नो यहूदी जातिको इतिहास सम्बन्धी बीसवटा किताबहरू लेखे र तिनमा रोमी बडा हाकिम पिलातसले आदेश दिएअनुसार ईसा मसीहको सलीबमा भएको मृत्युको विस्तृत विवरण दिए ।

३. प्रख्यात ग्रीक इतिहासकार लुसिएनले ईश्वी सन् १०० मा ईसा मसीहको सलीबमा भएको मृत्यु तथा ईसाईहरूको (ईमान) विश्वासको विषयमा लेखे । इपिक्युरियन दर्शनशास्त्रका अनुयायी भएका कारण तिनले ईसाईहरूले ईसा मसीहमाथि ल्याउने ईमान तथा ईसा मसीहको

निम्ति मर्न पनि तिनीहरू तयार भएका कुरालाई बुझ्न सकेनन् । प्राण अमर हुन्छ भन्ने तिनीहरूको विश्वास तथा जन्नत जाने तिनीहरूको लालसालाई तिनले आफ्ना लेखहरूमा गिल्ला गरे । तिनले तिनीहरूलाई धोकामा पारिएका मानिसहरूको रूपमा हेरे जो वर्तमान युगमा जिउनुको सट्टामा मृत्युपछिका अनिश्चितताहरूको पछि लाग्दछन् । तिनका लेखहरूमा ईसा मसीहको विषयमा पाइने महत्वपूर्ण सन्दर्भहरूमध्ये एउटा यो हो: ईसाईहरूले ती महान् मानिस इसा मसीहको आराधना गरिरहेका छन् जो प्यालेष्टाइनमा सलीबमा टँगाइएका थिए किनभने तिनले संसारमा नयाँ धर्म फैलाएका थिए ।

## रोमी शासक पिलातसको गवाही :

यी (बेरह्मी) क्रूर रोमी शासकले ईसा मसीहको सलीबमा भएको मृत्यु, उहाँको दफन, उहाँ मरेकाहरूबाट पुनर्जीवित भई उठ्नुभएको घटनाको पूरा प्रतिवेदन बादशाह तिबेरियस सिजरलाई पठाए र यो प्रतिवेदन रोमी अभिलेखहरूमा छ । यो ती दस्तावेजहरूमध्ये एक थियो जसद्वारा ईसाई विद्वान् टर्स्युलिएनले ईसाईहरूको बचाउ गर्ने आफ्नो प्रख्यात कदमलाई प्रमाणित गरे ।

## सलीबको चिन्ह :

योचाहिँ कसैले पनि ईन्कार गर्न नसक्ने भौतिक प्रमाण हो, किनकि हरेक धर्मको आफ्नो छुट्टै चिन्ह हुन्छ, जस्तै यहूदीहरूको छकुने तारा र मुस्लिमहरूको कलिलो (चाँद) चन्द्रमा । सलीबको चिन्हचाहिँ ईसाईमतको सबैभन्दा प्राचीन युगदेखि नै प्रख्यात थियो । प्राचीन ईसाईहरूले त्यसलाई मरेकाहरूका (कब्र) चिहानहरूमा र भूमिगत ठाँउरूमा खोप्थे जहाँ तिनीहरू सतावटको समयमा भेला हुने गर्दथे ।

## समय र ईसाई निरन्तरताको गवाही :

(प्रभु भोज) अशा-ए-रब्बानीको विधिले सलीबमा भएको ईसा मसीहको मृत्युबारे तिनीहरूलाई स्मरण गराउँदथ्यो । यही अशा-ए-रब्बानी (प्रभु भोज)

नै ईसा मसीह सलीबमा टाँगिएर मर्नुभयो भन्ने कुरा बितेका युगभरि एउटा जिउँदो गवाही भएको छ। यो विधि ईसा मसीहले आफू पक्राउ पर्नुभएको रातमा सुरु गर्नुभएको थियो र उहाँले आफ्ना ह्वारीहरूलाई यो विधि मान्न आज्ञा गर्नुभएको थियो। निश्चय पनि यो विधि उहाँको प्रायश्चितपूर्ण मृत्युको अविरल स्मारक र बलियो प्रमाण हो जसको खण्डन गर्न असम्भव हुन्छ। रसूलहरूले यो खुदाई आदेशलाई पालना गरे र सुरुदेखि नै यो विधि (चर्च) मण्डलीलाई सुम्पिदिए, जसरी १ कोरिन्थी ११:२३-२६ मा लेखिएको छ, *"किनकि यो कुरा मैले खुदावन्दबाट पाएँ, जो मैले तिमीहरूको हातमा सुम्पि पनि दिएँ, अर्थात् खुदावन्द ईसा मसीहले, जुन रात पक्राउ पर्नुभयो, त्यही रात रोटी लिनुभयो, र धन्यवाद दिएर त्यसलाई भाँच्नुभयो, र भन्नुभयो: 'लेओ, खाओ, यो मेरो शरीर हो, जो तिमीहरूका निम्ति तोडिएको छ, मेरो सम्झनामा यो गर।' यही प्रकारले खाना खाइसक्नुभएपछि उहाँले यसो भन्दै कचौरा पनि लिनुभयो: 'यो कचौरा मेरो रगतमा भएको नयाँ (वाचा) अहदनामा हो, जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरा सम्झनामा यो गर्नेगर।' किनकि जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ, र यो कचौरा पिउँछौ, तिमीहरूले उहाँ नआउन्जेल खुदावन्दको मृत्युको प्रचार गर्दछौ।"*

**यहूदी तालमुदको गवाही :**

यहूदीहरूको नजरमा तालमुद एउटा पवित्र किताब हो भन्ने कुरा जाहेर नै छ। यसलाई विशाल किताबहरूमा सङ्कलन गरिएको छ जसलाई जो कोही इच्छुक व्यक्तिले पढ्न सक्दछ। सन् १९४३ मा आम्स्टर्डममा प्रकाशित प्रतिको पृष्ठ ४२ मा यो वाक्य पढ्न सकिन्छ, 'ईसा मसीह (निस्तार चाड) ईद फसहको एकदिन अगाडि सलीबमा टाँगिनुभयो। हामीले उहाँ मारिनुहुनेथियो भनी ४० दिनसम्म उहाँलाई चेताउनी दियौं किनभने उहाँ जादूगर हुनुहुन्थ्यो र आफ्ना भ्रमहरूले इस्राएललाई धोका दिने योजना बनाउनुभएको थियो। उहाँको बचाउ गर्न चाहने कोही थियो कि भनेर सोधियो र कसैले पनि त्यसो नगरेको हुनाले, उहाँलाई (निस्तार चाड) ईद फसहको अघिल्लो साँझमा सलीबमा टँगाइयो। के कसैले उहाँको बचाऊ

गर्ने साहस गर्दछ ? के उहाँ खराबी मच्चाउने व्यक्ति हुनुहुन्नथ्यो र ? नबीहरूको किताब, (व्यवस्था) शरीअत १३:८-९ मा भनिएको छ, 'तिमी त्यससित राजी नहुनू, न त त्यसको कुरा सुन्नू। अनि तिम्रा आँखाले त्यसलाई नटिठाओस्, र तिमीले त्यसलाई नजोगाउनू, न त त्यसलाई लुकाउनू ! तर तिमीले त्यसलाई निश्चय नै मार्नू।'

## ईसा मसीह सलीबमा टँगाइनुको कारण :

विशेष गरी आजका दिनहरूमा यो प्रश्न प्रायः सोधिएको हामी सुन्दछौं। ईसाई (विश्वास) ईमानको सारमा यसको प्रष्ट जवाफ छ -- हामी मानिसहरूको निम्ति र हाम्रो (नजात) मुक्तिको निम्ति नै उहाँ जन्नतबाट ओर्लिआउनुभयो र कन्य मर्यमबाट (पवित्र आत्मा) रूहुल कुद्दुसले जन्मिनुभयो। उहाँ मानिस बन्नुभयो र बडा हाकिम पन्तियस पिलातसको पालामा हाम्रो निम्ति सलीबमा टँगाइनुभयो। ईसा मसीहले कष्ट भोग्नुभयो र उहाँ गाडिनुभयो अनि तेस्रो दिनमा मृत्युबाट पुनर्जीवित भई जन्नतमा जानुभयो।

सलीबमा भएको ईसा मसीहको प्रायश्चितपूर्ण मृत्युको आवश्यकतासम्बन्धी केही प्रमाणहरू तल दिइएको छ:

## (मुक्ति) नजातको आवश्यकता :

सबै मानिसहरूलाई (नजात) मुक्तिको खाँचो छ भन्ने कुरामा कुनै शङ्का छैन किनभने हरेक हृदयमा (पाप) गुनाह पाइन्छ। रोमी ३:२३ भन्दछ, *"सबैले पाप (गुनाह) गरेका छन् र खुदाको महिमासम्म पुग्नदेखि चुकेका छन्।"* नबी यशैयाले यशैयाको किताब ५३ अध्यायको ६ पदमा भने, *"हामी सबैले भेडाहरूले झैं बाटो बिराएका छौं; हामी हरेक आ-आफ्नो बाटोतिर लागेका छौं; तर खुदाले हामी सबैको (अधर्म) गुनाह ईसा मसीह माथि राखिदिनुभएको छ।"* रसूल यूहन्नाले आफ्नो १ यूहन्ना १:८-१० सम्मका पदहरूमा भने, *"हामीसँग पाप (गुनाह) छैन भनी हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। हामीले आफ्ना (गुनाह) पापहरू कबुल गर्‍यौं भने हामीलाई हाम्रा (गुनाह) पापहरू क्षमा गर्न र*

*हामीलाई सबै गुनाहबाट शुद्ध पार्नका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ । हामीले गुनाह गरेका छैनौं भनी हामी भन्छौं भने हामी खुदालाई झूट तुल्याउँछौं, र खुदाको कलाम हामीमा छैन ।"*

हरेक मानिसको हृदयमा (पश्चात्ताप) तौबा गर्नुले मात्र विगतका (पाप) गुनाहहरू हटाउन सक्दैन भन्ने चेतना छ । गुनाहको माफि पाउने अझ प्रभावकारी माध्यम (प्रायश्चित) तौबा हुनै पर्दछ । अन्यथा समयको सुरुदेखि नै (कुर्बानी) बलिदानहरूको प्रथा अस्तित्वमा रहनुलाई र संसारका अधिकांश धर्महरूमाझ (बलिदान) कुर्बानीको व्यापक ज्ञान हुनुलाई कसरी व्याख्या गर्न सकिन्छ र ?

यो धारणा (गुनाहगार) पापीको हृदयमा उसको (गुनाह) पापको प्रायश्चित हुनुपर्ने खाँचोको महसुस हुनुसँग मेल खाएकोले नै यस्तो भएको होइन र ?

**तर्कको प्रमाण :**

खुदा (पाक) पवित्र हुनुहुन्छ र मानिस (पापी) गुनाहगार छ भनी सबैले पढेका र जानेका छन् । पाप (गुनाह) त खुदाको नामको अपमान हो र खुदाले आफ्नै स्वरूपमा सृष्टि गर्नुभएको मानिसको निम्ति यो विनाशकारी हुन्छ । यसरी अब ऊ खुदाको न्यायमा पर्न (काबिल) योग्यको हुन्छ । (पापी) गुनाहगारलाई सजाय नदिनुभए त खुदा धर्मी हुन सक्नुहुन्न । (पश्चात्ताप) तौबा भनेको आज्ञाकारिताको स्थानमा फर्किनुमात्र हो, यसले धर्मी ठहऱ्याउन सक्दैन । खुदाको आदर, न्याय र पवित्रतालाई केवल (तौबा) पश्चात्ताप गरेर तृप्त पार्न सकिँदैन ।

**(प्रायश्चित) तौवाले (व्यवस्था) शरिअतका मागहरू पूरा गर्दछ :**

खुदाई शरिअतले न्याय गर्ने त्यसका अधिकारहरूलाई परित्याग गर्न सक्दैन, किनकि यसले भन्दछ, (पाप) गुनाहको ज्याला मृत्यु हो । गुनाहले अपराधीलाई सजाय दिनुपर्ने माग गर्दछ । अपराधीलाई यत्तिकै जान दिने व्यवस्था धर्मी व्यवस्था होइन । शरिअत (व्यवस्था) भनेको 'सार्वजनिक

अधिवक्ता' हो र सार्वजनिक अधिवक्ताले अपराधीले सजाय पाउनुपर्दछ भन्ने शरियतको मागलाई परित्याग गर्न सक्दैन, अन्यथा ऊ खुदाई कानूनको ईमानदार रक्षक नभएको आरोप खेप्नुपर्दछ। छोटकरीमा, व्यवस्था अर्थात् खुदाई शरिअतले अपराधीलाई सजायको माग गर्दछ वा उसका (पाप) गुनाहहरूको प्रायश्चितको माग गर्दछ। यहाँनेर हाम्रा हृदयहरू तारिफ र (धन्यवाद) मुबारकले भरिनुपर्दछ किनकि ईसा मसीहले मानिसको निम्ति यो प्रायश्चित गरिदिनुभयो ताकि फलस्वरूप उहाँलाई मुक्तिदाता भनी (कबुल) स्वीकार गर्ने हरेकले उहाँको नाममा गुनाहबाट माफी पाउँदछ। बास्तबमा सारा मानवजातिको निम्ति (आशिष्) बरकतको कुरा यो हो कि ईसा मसीहको यो प्रायश्चित समावेशी थियो र ईसा मसीह मेरो गुनाहको निम्ति मर्नुभएन भनी कसैले पनि भन्न सक्दैन। यशैया ५३:१२ का कलामहरू कति आश्चर्यजनक छन्, *"यसकारण महान्‌हरूको साथमा म उसलाई भाग दिनेछु....किनकि उसले आफ्नो प्राण मृत्युमा पोखिदिएको छ, अनि ऊ अपराधीहरूसँग गनियो, अनि उसले चाहिँ धेरैको (पाप) गुनाह बोक्यो, र अपराधीहरूका निम्ति उसले अन्तर्विन्ती गऱ्यो।"* पावलले हिब्रू ५:८-९ मा भने, *"उहाँ पुत्र हुनुहुन्थ्यो, र पनि आफूले दुःख भोगेका कुराहरूबाट उहाँले आज्ञापालन गर्न सिक्नुभयो, अनि सिद्ध नबनीकन उहाँ आफ्नो आज्ञापालन गर्ने सबैका निम्ति अनन्त (नजात) मुक्तिका कर्त्ता बन्नुभयो।"*

## (प्रायश्चित) तौबाले मानिसको नैतिक खाँचो पूरा गरिदिन्छ :

हरेक मानिसमा नैतिक स्वभाव र न्याय तथा पवित्रताका उचाइहरूलाई आदर गर्न सक्ने विवेक हुन्छ भन्ने कुरा साँचो हो। यदि ऊ आफ्नो (पाप) गुनाहसँग बेखुसी हुन्छ र कत्ति पनि प्रायश्चित (तौबा) पाउँदैन भने ऊ आत्मामा हैरान हुन्छ र उसको नैतिक विवेक विचलित हुन्छ।

(पाप) गुनाहमा पतन भए तापनि मानिसको विवेक नाश भने भएको छैन भन्ने कुरा जाहेरै छ। यो नैतिक शक्ति रहिरहन्छ जसले सही र गलत छुट्ट्याउन अनि ईनाम र सजाय पाउने निर्णय गर्न सक्दछ।

यो शक्ति खुदाको आवाजको गुञ्जन हो जसले त्यसलाई सृष्टि

गर्नुभयो र सीनै पर्वतमा दिइएका उहाँका (शरिअत) व्यवस्थाहरूसँग पूर्णरूपमा मिलाउनुभयो भनी हामी भन्न सक्दछौं । तर, उत्तिकै महत्वपूर्ण कुरा के भने, विवेकले मानिसलाई न्यायदेखि बचाउन सक्दैन ।

यसले (पाप) गुनाहप्रतिका मानिसका झुकावहरू उत्पन्न गराउन सक्दछ, तर यसले उसलाई धर्मी ठहऱ्याउन सक्दैन । व्यवस्था (शरिअत) असल छ, तर (शरिअत) व्यवस्थाले धर्मी ठहऱ्याउन सक्दैन भनी यसले विश्वास गर्दछ । रसूल पावलका अनुसार, (शरिअत) व्यवस्थाले हामीलाई ईसा मसीहकहाँ डोऱ्याउँदछ ।

त्यसैले विवेकको आवाजले हामीलाई एकजना धर्मी मध्यस्थकर्ताको खाँचो रहेको कुरा जनाउँदछ जसले हाम्रा (पाप) गुनाहहरूको प्रायश्चित (तौबा) गर्नुहुन्छ । तर यो सत्यताको सम्पूर्ण महत्व देख्दा देख्दै पनि अधिकांश मानिसहरूले असल कामहरू त खुदाको कृपासँग साट्न सकिने हुन्छन् भन्ने सोच्दै आफैलाई धर्मी बनाउने कामहरू गरेर विवेकको समस्यालाई समाधान गर्ने प्रयास गर्दछन् ।

### (प्रायश्चित) तौबाको निम्ति खुदाको योजना :

(प्रायश्चित) तौबाको आवश्यकता नभएको भए खुदाले यसको योजना बनाउनुहुने नै थिएन । ईसा मसीहले मत्तीको ईन्जील २०:२८ मा भन्नुभयो, *“मानिसका पुत्र पनि सेवा पाउनलाई होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामको निम्ति आफ्नो प्राण दिन आए ।”* साथै, यूहन्नाको ईन्जील ३:१६ मा ईसा मसीहले भन्नुभयो, *“किनकि खुदाले संसारलाई यसरी प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र जन्माइएका पुत्र दिनुभयो ताकि उहाँमाथि (विश्वास) ईमान ल्याउने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।”*

गलातीको पत्र ४:४ मा यसो भनिएको छ, *“तर पूरा समय भएपछि खुदाले आफ्ना पुत्र पठाउनुभयो जो स्त्रीबाट (शरिअत) व्यवस्थाको अधीनमा जन्मिनुभएको थियो ।”*

यी महिमित पदहरूले यो कुरा देखाउँदछन् कि खुदाले मानिसलाई अचम्भको प्रेम, कृपाले भरिएको प्रेमले प्रेम गर्नुभयो । कृपासहित भरिएर पोखिने यो प्रेमले ईसा मसीहमा मानिस रूप लियो जसले यसलाई छुटकाराको रूपमा अभिव्यक्त गर्नुभयो । उहाँले त्यो छुटकाराको काम सलीबमा पूरा गर्नुभयो ताकि खुदा पवित्र (पाक) र धर्मीमात्र हुनुहुन्न तर प्रेम पनि हुनुहुन्छ भनी सबैले जानून् । छुटकाराले (गुनाहगार) पापीको विवेकलाई बिउँझाइदिन्छ र प्रेमको बन्धनले नै उसलाई सलीबसँग जोडिदिन्छ जसबिना खुदाले उहाँको प्रेम प्रमाणित गर्न सक्नुहुन्न । त्यसैले ईसा मसीहले भन्नुभयो, म उचालिएँ भने सबै मानिसहरूलाई आफूकहाँ तान्नेछु ।

मेरा प्रिय पाठक मित्र, हामी आवाजहरूले भरिएको समयमा जिउँदछौं, त्यसैअनुरूप नयाँ कानुन र आदेशलाई हेर्नुहोस् । यहाँ एउटा नयाँ भातृत्व छ । यसलाई कबुल गर्नुहोस्, हामी सहायताको हात बढाउँदछौं । तर ईसा मसीहको सलीबलाई ईन्कार गर्ने आवाज खोक्रो हुन्छ । सलीबबिना सबै नयाँ आज्ञा असफल हुन्छ, र नयाँ भातृत्व झूट हुन्छ र सहायता गर्ने हातहरू हतियारहरू साँध्ने हातमा बदलिन्छन् ।

हाम्रो पुस्ताको गल्ती ग्रीक र प्राचीन यहूदीहरूको जस्तै छ जसले सलीबसम्बन्धी आफ्ना सोचाइहरूमा गल्ती गरे र यसलाई मूर्खता तथा कमजोरी, महत्वहीन तथा ठेस खुवाउने ढुङ्गाको रूपमा हेरे । गलत अनुमान गर्दै तिनीहरूले सहायताको पुकारा उचाल्न वा हेर खुदाका थुमा (बर्रा) जसले संसारको (पाप) गुनाह उठाइलानुहुन्छ भन्न बिर्सिएका छन् । तिनीहरूले बुद्धिको (वचन) कलाम बिर्सेका छन् जसले हितोपदेश १४:३४ मा भन्दछ,

***"धार्मिकताले देशलाई उचाल्छ, तर (पाप) गुनाह गर्नुचाहिँ कुनै पनि जातिको लागि बेइज्जती हो ।"***

**प्रिय पाठक मित्रः**

यो किताब ध्यानपूर्वक पढ्नुभएपछि तपाईंले यो गम्भीर विषयसम्बन्धी आफ्नो ज्ञानको मूल्याङ्कन र जाँच गर्न सक्नुहुन्छ। तल दिइएका सवालहरूका जवाफहरू तथा आफ्ना विचारहरू लेख्नुहोस्। हामी तपाईंको जवाफ पर्खिरहेका छौं।

१. ईसा मसीहको मृत्युको विषयमा मुस्लिमहरूसँग दुई विचारहरू हुन्छन्। तपाईंलाई कुनचाहिँ कुरामा ईमान ल्याउनुहुन्छ ?

२. पृथ्वीमा ईसा मसीहको जीवनको अन्त्यसम्बन्धी पूरा सत्यता खोज्नको लागि एक खोजकर्ताले कुरआन बाहेक अन्यत्र कहाँ हेर्नुपर्दछ ?

३. रसूल पावलले ईन्जीललाई १ कोरिन्थी १५:१-४ मा कसरी छोटकरीमा लेखे ?

४. अरबी क्षेत्रका ईसाईहरूमाझ फैलिएको झूटो (तालिम) शिक्षाको त्रुटिलाई छोटकरीमा लेख्नुहोस्।

५. इस्लामले सलीबप्रतिको घृणा कहाँबाट लियो ?

६. ईसा मसीह सलीबमा टँगाइनुभएको जस्तो देखिनुमात्र भयो भन्ने (सूरत) स्वरूपको कथाबारे टिप्पणी गर्नुहोस्।

७. ईसा मसीहको स्वरूपको सलीबमा भएको मरणसम्बन्धी कथामा अल-राजीको सिद्धान्तबारे तपाईंको के धारणा छ ?

८. ईसा मसीहको मृत्युलाई उल्लेख गर्ने कुरआनका (आयद) पदहरूमध्ये एउटा लेख्नुहोस्।

९. यहूदीहरूले 'साँच्चै नै, हामीले ईसा मसीहलाई मारेका छौं' भनेका कुरा कुरआनमा कहाँ लेखिएको छ ?

१०. खुदाको नबीहरूले ईसा मसीहको सलीबमा हुने मृत्यु सम्बन्धी बोलेका भविष्यवाणीहरूमध्ये एउटा ईन्जीलको किताबमा पूरा भएको देखाउने पद लेख्नुहोस्।

११. खुदाको नबीहरूले बोलेका कुन भविष्यवाणी र ईन्जीलमा यसको पूर्णताले तपाईंलाई सबैभन्दा प्रभाव पाऱ्यो ?

१२. ईसा मसीहले आफ्नै सलीबमा भएको मरण तथा मृत्युबारे पहिला नै दिनुभएका प्रकाशहरूबाट तपाईंले के निष्कर्ष निकाल्न सक्नुहुन्छ ?

१३. रसूलहरूको गवाही र ईसा मसीह सम्बन्धी तिनीहरूको (पैगाम) सन्देशमा रहेको मुख्य विषय के हो ?

१४. ईसा मसीहले सलीबमा आफ्नो आत्मा अर्पण गर्नुहुँदा वास्तवमा के भयो ?

१५. के तपाईं मरेकाहरू पुनर्जीवित (कयामत) हुने कुरामा ईमान (विश्वास) ल्याउनुहुन्छ र ईसा मसीह पुनर्जीवित (कयामत) हुनुभएको विषयमा तपाईंको के विचार छ ?

१६. ईसा मसीहको मृत्यु र उहाँ पुनर्जीवित (कयामत) हुनुभएको विषयसम्बन्धी ऐतिहासिक गवाहीहरूमध्ये एउटा लेख्नुहोस् ।

१७. ईसाईमतको मुख्य सार के हो र यो कहिलेदेखि अस्तित्वमा छ ?

१८. (अशा-ए-रब्बानी) प्रभु भोजको सबैभन्दा भित्री लक्ष्य के हो ?

१९. के यहूदी तालमुदमा ईसा मसीहको सलीबमा भएको मृत्युको कुनै सङ्केत पाइन्छ ?

२०. तपाईंको विचारमा, ईसा मसीह किन सलीबमा टँगाइनुभयो ?

२१. यूहन्नाको ईन्जील ३:१६ लेख्नुहोस् र यसलाई कण्ठ पार्नुहोस् !

कृपया हामीलाई निम्नलिखित ठेगानामा पत्राचार गर्नुहोस्:

**शुकुनको पैगाम**

पो.ब.नं. १६१५

काठमाडौं, नेपाल

इमेल : sukunkopaigam@yahoo.com

मो.नं. ९८०८०८३५२०

Mobile No. : 9808083520

**उर्दु शब्दार्थ** :

खुदा : एक मात्र सत्य मेश्वर
खुदावन्द : एक मात्र सत्य परमेश्वर
रब : प्रभु, मालिक
कलाम : खुदा, परमेश्वरको वचन, शव्द
कुदरती : ईश्वरीय
गुनाह : पाप
कुर्बानी : बलिदान, कसैको सट्टा मर्ने कार्य
कयामत : पुनरुत्थान, मृत्युबाट फेरी जीवित भई उठ्नु
दोजक : नरक, नर्क
नवी : अगमवक्ता
रसुल : प्रेरित
जन्नत : स्वर्ग
इन्जील : ईसा मसीहमा अवतरित किताब, सुसमाचार
रुह : आत्मा
सलीब : क्रूस
ईसाई : इसा मसीहमा इमान ल्याउने व्यक्ति
ईसा मसीह : येशू ख्रीष्ट
दुवा : प्रार्थना
मुबारक : धन्यको
जबूर : भजन संग्रह
मोजेज़ा : आश्चर्य काम
रुहानी मौत : आत्मिकी मृत्यु
रुहुल कुद्दुस : पवित्र आत्मा
तौवा : पश्चात्ताप, प्रायश्चित
नजात : उद्धार, मुक्ति
झूटा तालिम : झूटा शिक्षा
पाक : पवित्र
गुनाहगार : पापी मानिस
बदरुह : दुष्ट आत्मा
शरिअत : व्यवस्था
फरिस्ता : स्वर्गदूत
आखिरत : अन्तिम दिन, न्यायको दिन
ह्वारी : ईसा मसिहको चेला
उलमा : शास्त्री
ईद फसह : निस्तार चाड़
दज्जाल : ईसा मसीह विरोधी
बरकत : आशिष
अशा-ए-रब्बानी : प्रभु भोज
सूरत : स्वरुप, अनुहार
माईदा : खानाले भरिएको आसमानी टेबल
काफिर : अविश्वासी, बहुदेववादी, मुर्त्तिपूजक
किताब - ए-मुकद्दस : पवित्र बाईबल